'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक


वर्ष १ अंक : १५४ बुधबार १६ माघ, २०८१ 29 (Wednesday) January 2025 पृष्ठ ४, मूल्य रु : १०/-

### सहमतिमा मुख्यमन्त्रीले 'बेइमानी' गरेको प्रतिपक्षको ठहर

# कर्णाली सरकारलाई कहिले गठबन्धनकै नेता त कहिले प्रतिपक्ष नेताबाट चुनौती

नमस्ते समचारदाता

सुर्खेत, माघ/१५



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले राजनीतिक 'बेइमानी' गरेको भन्दै प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) आक्रोशित बनेको छ । ०८० चैत्रमा माओवादीको समर्थनमा मुख्यमन्त्री बन्दै गर्दा कँडेलले 'कर्णाली समृद्धि परियोजना'लाई कार्यान्वयन गर्ने सहमति गरेका थिए । उक्त सहमति पश्चात् मात्रै माओवादी संसदीय दलका नेता राजकुमार शर्माले मुख्यमन्त्रीबाट राजीनामा दिन तयार भएका थिए। त्यो बेला संसदबाट राजीनामा दिँदै शर्माले भनेका थिए, 'गरिबीको अन्त्यबाट नै कर्णालीको समृद्धि हुने भएकाले उक्त योजना अगाडि बढाइएको हो ।' तर कँडेलले अघिल्लो सरकारले ल्याएका महत्वाकांक्षी कार्यक्रम तथा आयोजनाको दायित्व लिन चाहेका छैनन् । सोही अनुसार उक्त कार्यक्रमले चालु आर्थिक वर्षको बजेटमा स्थान नै पाएन भने कँडेलले उक्त कार्यक्रम कार्यान्वयनमा बेवास्ता गरिदिए । जबकि अघिल्लो आर्थिक वर्ष ०८०/०८१ मा सरकारको सबैभन्दा पहिलो प्राथमिकतामा यही कार्यक्रम थियो। वार्षिक १० हजार जनालाई रोजगारी दिने भनेर 'कर्णाली समृद्धि परियोजना' कार्यान्वयनका लागि उक्त वर्ष १ अर्ब ५० करोड रकम विनियोजन भएको थियो । उक्त आर्थिक वर्षमा सबैभन्दा धेरै बजेट विनियोजन भएको कार्यक्रम नै यही थियो । 'कर्णाली प्रदेशको मुख्य समस्याको रूपमा रहेको गरिबी अन्त्यका लागि वार्षिक न्यूनतम १० हजार रोजगारी सिर्जना गर्न शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारः त्यसका लागि पूर्वाधार भन्ने अभियानका साथ कर्णाली समृद्धि अभियानलाई परियोजनाको रूपमा सञ्चालन गरिने छ,' उक्त वर्षको बजेट व्यक्तव्यमै प्रमुखताका साथ भनिएको छ। यो कार्यक्रम माओवादी दल नेता शर्माले ०७९ पुसमा मुख्यमन्त्रीको पदभार ग्रहण गर्दैगर्दा घोषणा गरेका थिए । शर्माको घोषणासँगै कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने कानुन निर्माणका लागि विधेयक तयार भई सदनमा पेस गर्ने चरणमा पुगेको थियो । तर शर्मा सरकारबाट बाहिरिएसँगै र पुनः गठबन्धन फेरबदल भई माओवादी प्रतिपक्षमा पुगेपछि कँडेल नेतृत्वको सरकारले कार्यान्वयन नचाहेपछि विवाद बढेको हो । 'मुख्यमन्त्रीसँग हस्ताक्षर गरेको कागज मेरो खल्तीमै छ,' प्रतिपक्ष दल नेता शर्माले संसदमै भने, 'के रोजगारी दिने कुरा गलत हो ? के यो बेठिक थियो ? समयमै गर्न नसक्ने कुरा मैले पनि अनुभूति गरे । तर गर्नु त पर्थ्यो नि । के कर्णालीमा रोजगारीको आवश्यकता छैन ?' १० हजारलाई रोजगारी दिने कुरा आफ्नो मनोगत कुरा नभई समग्र कर्णालीको आवश्यकता भएको शर्माले बताए। उनले अगाडि भने, 'मैले मेरा कार्यकर्ता भर्ती गर्न गरेको भन्ने आरोप पनि लाग्यो, एमालेले नै भर्ती गरेको भए पनि हुन्थ्यो नि अहिले । प्रतिपक्ष दलको हिसाबले मेरो केही पनि थिएन ।' अविच्छिन्न उत्तराधिकारी संस्था हुनुका नाताले संसदले पारित गरेको कुरामा मुख्यमन्त्रीले उदासीनता देखाएको शर्माले बताए। 'गर्छु भनेर सम्झौता पनि गर्नुभयो तर बेइमानी गर्नुभयो,' शर्माले भने। मुख्यमन्त्री कँडेल मनपरी तरिकाले हिँडिरहेको शर्माको आरोप छ।

बाँकी ३ पेजमा...

# प्रादेशिक महोत्सवमा नेपालगञ्जमा अर्गानिक उत्पादनको आकर्षण

नमस्ते समचारदाता

नेपालगन्ज, माघ/१५




नेपालगन्जमा सञ्चालित प्रादेशिक महोत्सव २०८१ को मुख्य आकर्षण कर्णाली प्रदेशका अर्गानिक उत्पादन बनेका छन् । अन्य समयमा यहाँ सहज रुपमा उपलब्ध नहुने कर्णाली प्रदेशका विभिन्न जिल्लाका निकै महत्वपूर्ण अर्गानिक उत्पादन महोत्सवमा बिक्रीका लागि राखिएपछि त्यहाँ जाने अधिकांशको खरिद गर्ने रोजाइमा ती उत्पादन परेका छन्। लुम्बिनी र कर्णाली प्रदेशका स्थानीय उत्पादनलाई विशेष प्राथमिकता दिइएको महोत्सवमा सिस्नो, खाद्यान्न, फलफूल तथा तरकारी सहित विभिन्न सामग्री बिक्री र प्रदर्शनीका लागि ल्याएको नेपालगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टंक धामीले बताएका छन् । कर्णाली अर्ग्यानिक डिष्ट्रिब्युटरका सञ्चालक शैलेन्द्र एडीले महोत्सवमा सिस्नोको पाउडर, हरियो पात, आलुको चिप्स, रातो मकै, टिमुरको छोप, चौंरी गाईको घिउ, सेतो गन्जी, ओखर, सुकाएको स्याउ र मार्सी चामल बिक्रीका लागि राखिएको अध्यक्ष धामीले जानकारी गराए । धामीले धनलक्ष्मी ऐडीले हुम्लाबाट टिपेर ल्याएको सिस्नो ग्राहकलाई निकै मन परिरहेको बताए । प्रतिकिलो सिस्नोको हरियो पात १५० र पाउडर एक हजार रुपियाँका दरले बिक्री भइरहेको सञ्चालक एडीले जानकारी गराए । महोत्सवमा आउने अधिकांशले कर्णालीका उत्पादन खरिद गरिरहेको र धेरैले उत्पादनका बारेमा जिज्ञासा राखिरहेको कर्णाली अर्गानिक डिष्ट्रिब्युटरले जनाएको छ । उनले परम्परागत सीप र पेसालाइ प्रवर्द्धन गर्न र स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले कर्णालीका अर्गानिक उत्पादनसँगै अन्य स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको बताउँछन् । महासचिव र नाभाटका अनुसार महोत्सवमा हस्तकला, कृषिजन्य सामग्री लगायत आधुनिक उपकरण र प्रविधिका सामान बिक्री वितरणका ३५० वटा स्टल छन् । लोप हुँदै गएका परम्परागत सामग्रीको पहिचान र बजारीकरणमा विशेष ध्यान दिइएको नेपालगन्ज उद्योग वाणिज्य सङ्घले जनाएको छ।

# चार वर्ष सम्म अलपत्र परेको योजनाको मन्त्री ढकालद्धारा निरीक्षण

नमस्ते समचारदाता

बाँके, माघ/१५



लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले विकास निर्माणका काममा ढिलासुस्ती निर्देशन दिएका छन् । मंगलबार बाँकेको जानकी गाउँपालिका ४ छत्रपुर र खजुरा गाउँपालिका ४ चल्तुवा स्थित किरण नालामा निर्माणाधीन पक्की पुलको स्थलगत निरीक्षण गर्दै मन्त्री ढकालले पुल निर्माणमा हालसम्म विलम्ब भए पनि अबका दिनमा तीव्र गतिमा काम अघि बढाउन निर्माण कम्पनीलाई निर्देशन दिएका हुन। मन्त्री ढकालले भने, 'प्राविधिक समस्याको समाधान गरेर तत्काल छिटोभन्दा छिटो काम गर्नुहोस्, मन्त्रालयका तर्फबाट गर्नुपर्ने काममा सहजीकरण हामी गर्छौं ।' पुल निर्माणका लागि गाल्वा सिद्धार्थ दर्शन जेभीले २०७७ फागुन १९ गते ५ करोड ३२ लाख रुपियाँमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको छ। सम्झौताको अवधिसम्म जगको विवादका कारण पुल निर्माण अघि बढ्न सकेको छैन । लुम्बिनी प्रदेशको सडक पूर्वाधार विकास कार्यालय नेपालगञ्जले पुल निर्माणका लागि जमिनमुनि निर्माण गरिनुपर्ने पायल फाण्डेशनको काम गुणस्तरीय नभएको जनाएको छ। जसका कारण दुई वर्षदेखि पुल निर्माणको काम अघि बढ्न सकेको छैन । कंक्रिटको गुणस्तरमा आशङ्का भएपछि पुल निर्माण अघि बढ्न नसकेको हो । पुलका लागि निर्माण गरिएका ५० वटा पायलकै फाउण्डेशनमै समस्या देखिएको सडक पूर्वाधार कार्यालयले जनाएको छ। कार्यालयले पुलको सुरुवाती फाउण्डेशनमै समस्या देखिएपछि विज्ञ टोलीबाट निरीक्षण गराएको छ । जानकी र खजुरा तथा बैजनाथ गाउँपालिकाका बासिन्दाको सहजताका लागि निर्माण सुरु गरिएको पुलको निर्माणमा ढिलाइ भएपछि स्थानीय बासिन्दा आक्रोशित भएका छन् । खजुरा ४ चल्तुवाका बुद्धिकुमारी थापाले मन्त्री ढकाल समक्ष तत्काल पुल निर्माण सम्पन्न हुने वातावरण बनाउन माग गरिन । एमाले नेता भीम वलीका अनुसार मन्त्री ढकालले मङ्गलबार बाँकेमा प्रदेश सरकारको बजेटमा निर्माणाधीन विभिन्न पुल र सडकको स्थलगत निरीक्षण गरी जानकारी दिए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सामाजिक सञ्जालको दुरुपयोग नगरौं

सरकारले सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्ने नाममा कडा कानुन ल्याउने तयारी गरेको छ। सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 'सामाजिक सञ्जाल ऐन, २०८१' मार्फत् सञ्जाल प्रयोगकर्तालाई कस्ने गरी कानुन ल्याउन लागिएको छ। उक्त विधेयक सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय सभामा दर्ता गराएका छन्। फेसबुक, टिकटक, युट्यूब, एक्स लगायतका सामाजिक सञ्जालको बढ्दो दुरुपयोगलाई नियमन गर्नुको साथै नियन्त्रण गर्न विधेयक ल्याएको बताइएको छ। प्रस्तावित विधेयकमा सामाजिक सञ्जालका प्रयोगकर्तालाई आर्थिक जरिवाना र जेल सजायसम्मको व्यवस्था गरिएको छ। छद्मभेषी, स्थायी वा अस्थायी समूह, पेज वा अन्य कुनै पनि प्रकारको आइडी खोली मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा खलल पुग्ने वा राष्ट्रिय हित प्रतिकूल हुने गरी गलत वा भ्रामक सूचना सम्प्रेषण गर्नेलाई प्रचलित कानुन बमोजिम सजाय हुनेमा सोहीबमोजिम र प्रचलित कानुनमा सजाय उल्लेख नभएको अवस्थामा पाँच वर्षसम्म कैद वा १५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय विधेयकमा प्रस्ताव गरिएको छ। अनुमति नलिई वा रोक लगाएको सामाजिक सञ्जाल प्लाटफर्म सञ्चालन गरे २५ लाख रुपैयाँसम्म जरिवाना, राष्ट्रहित प्रतिकूल हुने कार्य गरे कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय, साइबर बुलिङ कसुर गर्नेलाई दुई वर्षसम्म कैद वा तीन लाखसम्म जरिवाना वा दुवै सजाय, साइबर स्टकिङ कसुर गर्नेलाई तीन वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय, कसैको आइडी तथा सूचना ह्याक गर्नेलाई तीन वर्षसम्म कैद वा रु १५ लाखसम्म जरिवाना वा दुवै सजाय , फिसिङ वा इम्पोस्टर स्क्याम गरे तीन वर्षसम्म कैद वा रु १५ लाखसम्म जरिवाना वा दुवै सजाय, बीभत्स तस्बिर वा अडियो वा भिडियो पोस्ट वा सेयर गरे कसुर गर्नेलाई तीन महिनासम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय, अश्लील, मिथ्या वा भ्रामक विषयवस्तु प्रसार गर्नेलाई दुई वर्षसम्म कैद सजाय वा तीन लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था ऐनमा गरिएको छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# न्याय निदाएको देशमा...!

**राजेश विद्रोही**



२०४३ सालमा धनुषाको सबैला नगरपालिका-२ का जनक यादवको हत्या भयो । सोही ठाउँको रामबाबु यादवसँग झगडा हुँदा लट्ठी प्रहारबाट उनको मृत्यु भएको थियो । २०६० मा रामबाबुलाई अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो । भारतमा लुकेर बसेका उनलाई २१ वर्षपछि प्रहरीले भारतको जटही सिमानाबाट पक्राउ गऱ्यो । कपिलवस्तु कृष्णनगर नगरपालिका-१ गर्चिहवाका सोमई भन्ने प्रकाश कहारलाई प्रहरीले १३ वर्षपछि पक्राउ गऱ्यो। उनले विभिन्न समयमा गरेको चरुोरी, डकैती र ज्यान मार्ने लगायतका पाँचवटा कसुरमा अदालतले ६५ वर्ष कैद र ३ लाख ५२ हजार ७ सय ७८ रुपैयाँ जरिबानासहित सजाय तोकियो। अदालतको फैसलापछि उनी फरार थिए । पर्सा विन्दवासिनी गाउँपालिका-२ का बरै भन्ने लक्ष्मण चौरसियालाई प्रहरीले १७ वर्षपछि पक्राउ गऱ्यो । उनले २०६४ मा ढोडा मुखिया बिनलाई जग्गाको बैना पैसा फिर्ता गराउन गोली हानी हत्या गरेका थिए । २०६९ मा अदालतले चौरसियालाई सर्वस्वसहित जन्मकैद फैसला गरेको थियो। फरार रहेका उनलाई वीरगन्जबाट पक्राउ गरी जेलचलान गरेको छ । बाँके राप्ती सोनारी गाउँपालिका-९ का धनबहादुर थारूलाई प्रहरीले १४ वर्षपछि पक्राउ गऱ्यो। २०७३ सालमा अदालतले उनलाई पनि कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो। सल्यान त्रिवेणी गाउँपालिका-३ का इन्द्रे कामीलाई प्रहरीले २२ वर्षपछि पक्राउ गऱ्यो। ५५ सालमा भाइटीकाको दिन मनबहादुर कामीसँग सामान्य विवाद हुँदा रक्सी खाएको झोकमा बन्चरो प्रहार गरेर उनलाई हत्या गरी शव नजिकैको जंगलमा गाडेर फरार भएका थिए । अदालतले हत्या अभियोगमा २० वर्ष जेल सजायको फैसला गरेको थियो। दाङ लमही नगरपालिका-९ का रवि घर्तीलाई प्रहरीले दुई वर्षपछि पक्राउ गयो । २०७८ सालमा उनलाई अदालतले बलात्कार मुद्दामा ८ वर्ष कैद सजाय र एक लाख जरिबानाको फैसला गरेको थियो । फरार रहेका उनलाई प्रहरीले गाउँमै लुकिछिपी बसिरहेको अवस्थाबाट पक्राउ गऱ्यो । सिराहा लहान नगरपालिका-१८ बयरबोनाका इस्लाम मियाँ धुनियालाई प्रहरीले ३८ वर्षपछि पक्राउ गऱ्यो । २०३६ सालमा लहान नगरपालिका-२४ गोविन्दपुरका खट्टर महतोको ज्यान मारेको अभियोगमा अदालतले २०४२ मा १० वर्ष कैद सजायको फैसला गरेको थियो। माथि उल्लेखित सातवटा घटना प्रतिनिधि घटनामात्र हुन् । यस्ता धेरै घटना समाजमा न्याय नपाएर दबिएको अवस्थामा छन्। ठूला अपराधको घटनादेखि सामान्य घटनामा पनि पीडित पक्षले कानुनी न्याय पाउन वर्षौं र सिंगो जीवन बर्बाद गर्नु परिरहेको छ। कतिपय अवस्थामा पीडित पुस्ताले न्यायको ढोका चहार्दै सकेको जीवन अर्को पुस्ताले न्याय पाउँदा न्यायालयको ओज र गरिमामाथि नै ठूलो प्रश्न खडा भएको छ। देशको ऐन, कानुन आपसमा बाझिएको कारण र पुरानै ऐन कानुन संशोधन गरी प्रतिस्थापन गर्दै आएको कारण पीडित र सर्वसाधारण नागरिकले सही र समयमै न्याय पाउन नसकेको प्रशस्त उदाहरण छन् । प्रहरी तथ्यांकअनुसार गत पाँच वर्षमा आठ हजारभन्दा बढी बलात्कारका घटना र ६० हजारभन्दा बढी घरेलु हिंसाका उजुरी दर्ता भएका छन् । आर्थिक वर्ष २०७८-७९ मा ५ सय ९० जना र २०७९-८० मा ५ सय १ जनाको हत्या घटना भएका थिए । अहिले चलिरहेको आर्थिक वर्षमा अहिलेसम्म देशभरमा ९ सय ८२ हत्या प्रयासका घटना भएका छन् । अन्य घटना र मुद्दाहरूको विवरण हेर्दा डरलाग्दो छ । तीन करोड जनसंख्या भएको देशमा सायद राम्रोसँग अनुसन्धान गर्ने हो भने मुद्दा बिना कोही पनि मानिस बाँकी रहँदैन। राज्यको अवस्था र न्याय प्रणाली हेर्दा आवश्यकता अनुसार न्यायलाई मानिसको सिंगो जीवन मुद्दामामिलामै सखाप पार्ने चरित्रको छ । नेपाल प्रहरीकै अनुसार नेपालमा विभिन्न मुद्दाका हजारौं प्रतिवादीहरू फरार सूचीमा छन् । चालु आर्थिक वर्षको साउनदेखि मंसिरसम्मको पाँच महिनामा देशभरबाट ५ हजार ८ सय ४६ जना भने पक्राउ गरेको छन्। मधेस प्रदेश १ हजार ५ सय ९४, कोशी प्रदेशमा ७ सय ३५, बागमती प्रदेश २ सय ६५, गण्डकी प्रदेश ५ सय ६, लुम्बिनी प्रदेश १ हजार ३५, कर्णाली प्रदेश १ सय ६९, सुदूरपश्चिम प्रदेश २ सय ३५, काठमाडौं उपत्यकामा १ हजार २ सय ५३ जना छन् । पक्राउ परेका ५४ जना प्रतिवादीबाट कुल १ हजार ९ सय ६८ वर्ष ९ महिना ८ दिन कैद सजाय र ४३ करोड ५ लाख ४२ हजार रुपैयाँ जरिबाना असुल उपर गर्न अदालतको आदेश थियो । हत्या जस्तो जघन्य अपराधमा एउटा अदालतबाट न्याय पाउन र एउटा प्रहरीबाट अपराधी पक्राउ गर्न करिब सिंगो जिन्दगी झेल्नुपर्छ । यो राज्यको कस्तो खालको न्याय प्रणाली हो ? यसले कहिल्यै पनि पीडितले सही न्याय र पीडकले सही सजायको प्रत्याभूति गर्न सक्दैन । कमजोर राज्यकै नजरमा कमजोर र पीडक राज्यकै नजरमा बलियो हुने प्रणालीको स्थापित गर्छ । यो राज्य प्रणालीको गलत अभ्यास हो । यसले कहिल्यै पनि राज्य र राज्य प्रणाली तथा न्यायको सही प्रत्याभूति गराउन सक्दैन । गलत झन् गलत र सही सत्य झन् कमजोर हुने मान्यतालाई स्थापित गर्छ। यो लोकतान्त्रिक युगको ठूलो अपमान हो। र, मानवताविरोधी कार्य हो। कुनै पनि राज्य र सरकार यो बाटोमा हिँड्नु भनेको शासकहरू निहित स्वार्थका लागि सिंगो देश र जनतालाई सखाप पार्नु हो । आजको मानवता, आजको लोकतन्त्र र आजको युगको ऐन कानुन र संविधान राज्यको आवश्यकता हो । यो आवश्यकतालाई नागरिकले मात्र होइन, राज्य र सरकारले समेत पूरा गर्ने अनिवार्य दायित्वको रूपमा लिनुपर्छ। एउटा अपराधीलाई सजाय दिन र पक्राउ गर्न वर्षौं कुर्नुपर्ने र सिंगो जीवन न्यायालयको ढोका चहार्दै सकिनुपर्ने स्थितिको अन्य होस्। एउटा सबल, मजबुत र सम्पन्न नागरिकका लागि त्यो कार्य सही हुन सक्छ । तर गरिब, निमुखा तथा सर्वसाधारण नागरिकका लागि यस्तो खालको राज्य न्यायको जरुरी छैन । यसले झन् नागरिकलाई पीडा दिने काम गर्छ। त्यसैले राज्यको हरेक तहको पुनर्संरचना र संविधानको पुनर्लेखन तथा संसद् र सरकार देखि राजनीतिक नियुक्तिमा समेत जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रणाली स्थापित गर्न जरुरी छ। जसले मात्र ठाउँमा पुगेका शासक प्रशासकहरूले देश र जनताको हितमा, न्याय र समानताको पक्षमा निष्पक्ष तरिकाले काम गर्नेछन्।

*–अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# विदेश जान टीकाटालो गरी घर छाडेकाहरु पाँच दिनमै घर फिर्ता

नमस्ते समचारदाता

नेपालगन्ज, माघ/१५



नेपालगञ्ज उपमहानगरपालिका -२३ का दश जना युवा एकै व्यक्तिबाट ठगिएका छन् । विदेश जानका लागि तीन/तीन लाख रुपैयाँ बुझाएका ती युवाहरु आफू ठगिएको थाहा पाएपछि उनीहरू प्रहरी समक्ष पुगेका छन् । बाँकेको डुडुवा गाउँपालिका-६, सिख्खनपुरुवाका हरपालसिंह सिखले विदेश पठाइदिन्छु भन्दै युवालाई ठगेका हुन् । सिखबाट ठगिएका मोनु खाँ, आरिफ खाँ, मो. हानिफ खाँ, सकिर अलि बेहना, अस्लम शेष, सउवाल अहमद शेष, रजाक शेष, मनोजकुमार कोरी, सम्सुल शेष र फिरोज शेष प्रहरीमा उजुरी दिन पुगेका हुन् । उनीहरुलाई कुवेत पठाइदिन्छु भन्दै सिखले झुक्याएका थिए । दशै जना युवालाई उडान पक्का भइसकेको भन्दै काठमाडौं समेत लगिएको थियो । पाँच दिन काठमाडौंमा बसाएर घर फिर्ता पठाइएको थियो । कुवेत जानका लागि घरबाट टीकाटालो गरेर निस्सिएका युवा पाँच दिन काठमाडौं बसेर घर फिर्ता आएका थिए । पीडित मनोजकुमार कोरीले भने, 'विदेश जाने भनेर टीकाटालो गरेर गएको मान्छे फेरि घर फर्किदा मलाई साह्रै नराम्रो लाग्यो । घर फर्किन मन लागेको थिएन । तर, कहाँ जानु ? मन रुवाउँदै फर्किए ।' विदेश जान भन्दै मनोज घरबाट निस्किदा उनका घरपरिवारका सदस्यहरु रोएका थिए । विदेश जान नपाएर घर फर्किदा मनोज आफै रोए । मनोजले २ लाख ६५ हजार रुपैया सिखलाई बुझाएका थिए । ३५ हजार उड्ने वित्तिकै घरपरिवारले दिने भनिएको थियो । दुई लाख रुपैयाँ ब्याजमा लिएर सिंखलाई बुझाएको मनोजले बताए । एक लाखको डेढ लाख दिने गरी ६ महिनाको भाका राखेर ब्याजमा दुई लाख लिएका थिए । आरिफ खाँ किचन हेल्फरमा कुवेत जान तयार थिए । उनले तीन लाख रुपैया बुझाएका थिए । आरिफले दुई लाख ५० हजार ब्याजमा र ५० हजार रुपैया भिनाजुसँग मागेर दलाललाई बुझाएका थिए । भाइ अब्दुल अर्सद खाँलाई विदेश पठाउन मोनु खाँले ५ प्रतिशत ब्याजमा पैसा लिएर दलाललाई तीन लाख रुपैया बुझाएका थिए । दश जनामध्ये दुई जनालाई 'लाइट ड्राइभर' र आठ जनालाई किचन हेल्फरमा काम लगाइदिने प्रलोभन देखाइएको थियो । 'कि विदेश पठाउ कि भने हाम्रो पैसा फिर्ता गर' भन्दा सिखले विदेश पठाउन नसक्ने र पैसा पनि अहिले फिर्ता गर्न नसक्ने ओठे जवाफ दिने गरेको मोनु खाँले बताए । 'हाम्रो पैसा अलिअलि गर्दै दिए पनि हुन्थ्यो । हरपालसिंह सिखले हामीलाई विदेश पठाउन सक्दिन । पैसा पनि अहिले दिन सक्दिन । जे गर्न सक्छौ गर भन्छन्, मोनुले थपे, विदेश जान नपाउने र पैसा पनि फिर्ता नपाउने जस्तो देखिएपछि प्रहरीको शरणमा आएका छौं ।' सिखले आफ्नैमा पर्ने सिख्खनपुरुवा र मसाहका तीन/तीन जनालाई पनि विदेश पठाइदिन्छु भन्दै ठगेको उनीहरूले बताएका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता डिएसपी आयुस जोशीले ठाडो निवेदन आएको र यस विषयमा दुवै पक्षलाई छलफलमा बोलाएर प्रक्रिया अगाडि बढाइने बताएका छन् ।

# बजेट अभावले भवन निर्माणमा विलम्ब

नमस्ते समचारदाता

डोटी, माघ/१५



बजेट अभावमा जिल्ला अस्पताल डोटीको भवन निर्माण कार्यमा विलम्ब भएको छ । २५ शय्यामा सञ्चालित उक्त अस्पतालको स्तर वृद्धि गरी ५० शय्याको बनाउने उद्देश्यले २०७७ सालदेखि भवन निर्माण गर्न थालिएको हो । हालसम्म पनि सो भवन निर्माण सम्पन्न हुन सकेको छैन । सङ्घीय विशेष अनुदानतर्फको आव २०७७/७८ मा बजेट विनियोजन भएपछि २०७७ फागुन ७ गते अस्पतालले १० करोड २७ लाखमा भवन निर्माण गर्न 'केयस कन्स्ट्रक्सन धनगढी कैलाली'सँग सम्झौता गरेको थियो । उक्त सम्झौता अनुसार २०७९ फागुनसम्म सो भवन निर्माण गरिसक्नुपर्ने थियो । कोभिड-१९ र मूल्य वृद्धिको कारण देखाउँदै निर्माण व्यावसायी समयमै काम सम्पन्न गर्न नसकेपछि २०७९ फागुनमा २०८० माघसम्मका लागि म्याद थप गरिएको थियो । सो अवधिमा पनि काम सम्पन्न भने हुन सकेन । अहिलेसम्म भवनको भौतिक प्रगति ९२.७५ प्रतिशत रहेको छ । निर्माणमा संलग्न व्यावसायीलाई आठ करोड ६५ लाख भुक्तानी गरिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.सुजितकुमार मण्डलले बताउनुभयो । चालु आर्थिक वर्षमा उक्त भवन निर्माणका लागि बजेट विनियोजन गरिएको छैन । भवन निर्माण सम्पन्न गर्न आवश्यक रकम व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयदेखि सङ्घीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसम्म धाएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष धन बहादुर नेपालीले बताउनुभयो । तर अहिलेसम्म बजेट सुनिश्चित हुन नसकेको उहाँको भनाइ छ । "भवन अभावले अस्पतालका सेवा प्रभावित भइरहेका छन्", डा.मण्डलले भन्नुभयो । भवन अभावका कारण अस्पतालले बाल पोषण गृह, स्तनपान कक्ष, शल्यक्रिया कक्षलगायतको व्यवस्था गर्न नसकेको उहाँले बताउनुभयो ।

## कर्णाली...

सरकार मनपरी गर्ने थलो नभएको र विधि, नीति नियम अनुसार चल्नुपर्ने उनको भनाइ छ । बेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादन मूलक उद्योग तथा व्यवसाय सञ्चालनका लागि रोजगारी मार्फत स्वरोजगारी प्रवर्द्धन गर्न सिप नक्साङ्कन गरी आवश्यक ज्ञान, सिप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाई स्वरोजगार बनाइने कार्यक्रमको उद्देश्य थियो । कर्णाली समृद्धि परियोजनालाई प्रदेशको रूपान्तरणकारी आयोजनाको रूपमा विकास गरिने दाबी गरिएको छ । 'परियोजनालाई व्यवस्थित, पारदर्शी नतिजामुखी र दिगो बनाउन छुट्टै ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ,' बजेटमा वक्तव्यमा भनिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव आनन्द सारूले अहिलेसम्म यस सम्बन्धमा ऐन बन्न नसकेको बताए । कार्यक्रम कार्यान्वयन गर्नका लागि सरकारले 'समृद्ध कर्णालीका लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजना निर्माण कार्यदल' गठन गरेको थियो । ०७९ माघ पहिलो सातातिर बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा उक्त कार्यदल गठन गरेको थियो । कार्यदलले वार्षिक १० हजार रोजगारी सिर्जना गर्ने लक्ष्यका लागि ठोस कार्ययोजना सहितको मार्गचित्र निर्माण गर्ने, ३० दिनभित्र कर्णालीमा रोजगारीसँग सम्बन्धित सार्वजनिक, निजी तथा सामुदायिक कार्यक्रमको नक्साङ्कन गर्ने, कर्णाली प्रदेशमा रोजगारी सृजनाका लागि तुलनात्मक लाभका क्षेत्रको पहिचान गर्ने, रोजगारीको लागि आधारभूत तथ्याङ्कसहितको वेसलाइन सूचना सङ्कलनको लागि प्रश्नावली तयार गर्ने, सङ्कलन विधिको खाका तयार गर्ने लगायतका काम गरेको थियो । कार्यक्रम कार्यान्वयनका लागि कार्यदलले प्रतिवेदन पेस गरेको थियो भने त्यही प्रतिवेदनको कुरालाई नै समेटेर ऐन बनाइने भनिएको थियो । 'हाम्रो तर्फबाट गर्नुपर्ने काम गरेका थियौं,' मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका एक कर्मचारीले भने, 'बाँकी राजनीतिक विषयबारे हामीलाई थाह हुने कुरा भएन ।'सरकार फेरबदल भएसँगै अघिल्लो सरकारले ल्याएको योजना भनेर बेवास्ता गरिएको ती कर्मचारीले बताए । मुख्यमन्त्री कँडेलको सचिवालयका एक सदस्य भन्छन्, 'त्यो कार्यक्रम कार्यान्वयन गर्नै नसकिने कार्यक्रम हो ।' सरकारले उक्त कार्यक्रम कार्यान्वयन गर्नेबारे सहमति नगरेसम्म संसद् चल्न नदिने रणनीतिमा प्रतिपक्ष दल माओवादी पुगेको छ । आइतबार नै माओवादीले प्रदेशसभा सभा अवरुद्ध गरेको थियो भने त्यसपछि सर्वदलीय बैठक बसेपनि कुरा मिलेको छैन । यस्तै सोमबार पुनः प्रतिपक्ष दल नेता राज कुमार शर्मा र मुख्यमन्त्री कँडेलबिच छलफल भएको थियो । यद्यपि उक्त छलफलका क्रममा मुख्यमन्त्रीले 'मेरो गोरुको बाह्रै टक्का' गर्न खोजेको शर्माले बताए । 'रोजगारीको विषयसँग जोडिएको त्यत्ति महत्वपूर्ण कार्यक्रम कार्यान्वयन गर्न नखोज्ने, बेवास्ता गर्ने काम भयो,' शर्माले भने, 'कार्यान्वयनबारे सहमति नगरे संसद् चल्दैन ।' 'सरकारका प्रवक्ता विनोदकुमार शाह कार्यक्रम गर्न समस्या रहेको बताए । उनले भने, 'उहाँहरू सरकारमा रहेका बेला कार्यान्वयन हुन सकेन, अहिले कार्यान्वयन गर्न सकिने अवस्था छैन ।' यो वर्ष बजेट तथा कार्यक्रममा उक्त शीर्षक नै नरहेकाले संसद् अवरुद्ध गर्नुको अर्थ नरहेको पनि शाहले बताए । 'प्रतिपक्षले विषय उठाउनु सामान्य नै हो तर, अहिले आर्थिक ऐनका प्रावधानहरूका कारण कार्यान्वयन गर्न सकिने अवस्था छैन,' शाहले भने । यद्यपि सहमतिकै आधारमा संसद् सुचारु गरिने उनले बताए ।

# मानवसेवा आश्रमका लागि एक करोड

नमस्ते समचारदाता

सुर्खेत, माघ/१५




मानवसेवा आश्रमको आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश सरकारले बजेट विनियोजन गरेको छ। आश्रमको पूर्वाधार निर्माणका लागि कर्णाली प्रदेश सरकारद्वारा चालु आर्थिक वर्षमा एक करोड रुपियाँको बजेट विनियोजन गरिएको हो । सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानवसेवा आश्रमलाई सहयोग गरिएको जनाइएको छ। सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले मानवता प्रवर्धनका लागि थालिएको पुण्य काममा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताउनुभयो । उहाँले चालु आवमा एक करोड बजेट विनियोजन गरिएको र आवश्कताका आधारमा सहयोग गर्ने जानकारी दिनुभयो । पूर्वाधार निर्माणमा प्रदेश सरकारले हातेमालो गर्न लागेको समेत उहाँको भनाइ छ। सुर्खेतमा मानवसेवा आश्रमका लागि विभिन्न निकायबाट आर्थिक सहयोग भइरहेको छ। स्थानीय सरकारले समेत पूर्वाधार निर्माणमा सहयोग गर्ने भएको छ। विगतदेखि नै आर्थिक तथा सामाजिक रूपमा सहयोग गर्दै आएको वीरेन्द्रनगर नगरपालिकाले पूर्वाधार निर्माणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। चालु आवको नीति तथा कार्यक्रममा नै समेटेर मानवसेवा आश्रमको पूर्वाधार निर्माणका लागि सहयोग गर्न लागिएको नगरपालिकाले जनाएको छ। डेढ करोड बराबरको पूर्वाधार निर्माणको काम नगरपालिकाले गरिदिने नगरप्रमुख मोहनमाया ढकालले बताउनुभयो। आश्रमको पूर्वाधार निर्माणका लागि विभिन्न क्षेत्रबाट सहयोग भइरहेको मानवसेवा आश्रम सुर्खेत जिल्ला संयोजक सुजन गौतमले बताउनुभयो । उहाँका अनुसार कर्णाली प्रदेशस्तरीय मानवसेवा आश्रमको भवन निर्माण गर्न लागिएको छ।

**महायज्ञबाट नौ करोड**

मानवसेवा आश्रमको पूर्वाधार निर्माणका लागि हालै सम्पन्न भएको महायज्ञबाट नौ करोड ७६ लाख रुपियाँ सङ्कलन भएको छ। आश्रमले गत मङ्सिरमा वीरेन्द्रनगरको खुलामञ्चमा श्रीमद्भागवत सप्ताह ज्ञानविज्ञान महायज्ञ आयोजना गरेको थियो। महायज्ञबाट नौ करोड ७६ लाख ९२ हजार आठ ४३ रुपियाँ दान सङ्कलन भएको हो। महायज्ञबाट करिब पाँच करोड रकम सङ्कलन हुने अपेक्षा गरिए पनि लक्ष्यभन्दा करिब दोब्बर दान सङ्कलन भएको महायज्ञ मूल आयोजक समितिका तत्कालीन संयोजक डा. नवराज केसीले जानकारी दिनुभयो। महायज्ञबाट एक करोड ९७ लाख ६६ हजार ६५ रुपियाँ नगद जम्मा भएको छ भने एक करोड ३३ लाख २७ हजार छ सय एक रुपियाँ अनलाइन माध्यमबाट प्राप्त भएको छ। ३७ लाख ८८ हजार ९२१ रकम बराबरको चेक प्राप्त भएको छ। पाँच करोड चार लाख १६ हजार ३२ रुपियाँ स्थानीय तह र विभिन्न सङ्घ संस्थाले प्रतिबद्धता गरेका छन् भने ५७ लाख ७९ हजार ५८२ रुपियाँ व्यक्तिगत प्रतिबद्धता गरेका छन्। महायज्ञको कलशयात्रामा प्रयोग भएको कलश बिक्रीबाट मात्रै ४२ लाख ७४ हजार ८८२ रुपियाँ सङ्कलन भएको छ। दानपेटिकामा प्राप्त दान तीन लाख २६ हजार ४५५ र किताब बिक्रीबाट १३ हजार ३०५ रुपियाँ सङ्कलन भएको महायज्ञ मूल आयोजक समितिले जनाएको छ। महायज्ञको खर्च भने ५० लाख ७४ हजार ८७ रुपियाँ भएको बताइएको छ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
न्यरोड बाँके फोन नं. ९८४८२४८९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सोरु गाउँपालिका
मुगु

# भारतबाट ल्याइएको दाल नेपालगञ्ज नाकामा रोकियो

नमस्ते समचारदाता
नेपालगन्ज, माघ/१५



खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयले नेपाल ल्याउन लागेको ३० टन भन्दा बढी दाल जमुनाहा नाकामै रोकेको छ। कशौधन ट्रेडर्स नेपालगञ्जले भारतबाट आयात गरेको ९ हजार ६०० केजी चनाको दाल खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय नेपालगन्जले परीक्षण गर्दा क्षतिग्रस्त दाना, किराले क्षति पुऱ्याएको दाना पाइएकाले आयातमा रोक लगाएको हो । क्षतिग्रस्त दानाको मात्रा मापदण्डमा तोकिए भन्दा बढी पाइएकाले आयात गर्न नमिल्ने भन्दै नेपालगञ्ज भन्सार कार्यालयलाई प्रमाणीकरण कार्यालयले प्रतिवेदन पठाएको छ । यस्तै नेन्शी सप्लायर्स दाङले भारतबाट आयातको लागि नेपालगञ्ज भन्सार नाकामा ल्याएको २३ हजार २८० केजी राजमाको दाल पनि रोकिएको छ । प्रमाणीकरण कार्यालय नेपालगञ्जले परीक्षण गर्दा क्षतिग्रस्त दानाको मात्रा मापदण्डमा तोकिएभन्दा बढी पाइएकोले आयात गर्न नमिल्ने भनि नेपालगञ्ज भन्सार कार्यालयलाई प्रतिवेदन पठाएको हो । विभागका अनुसार खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ लागु भइसकेपछि नाकामा खाद्य गुणस्तर परीक्षण बढेको छ । ऐनको दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिएर तथा उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिएर मात्र खाद्य पदार्थ पैठारी गर्नुपर्ने प्रावधान रहेका छ । उक्त स्विकृती अनुसार नाकास्थित खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयले परीक्षण गर्ने गरेको छ । परीक्षण गर्दा मापदण्ड अनुसार नपाइए पछि उक्त दाल आयातमा रोक लगाएको हो ।

# धमिलो पानी खान बाध्य

नमस्ते समचारदाता
हुम्ला, माघ/१५



कर्णाली कोरिडोरको हुम्ला र बाजुरा खण्डमा पर्ने छेउछाउका बस्तीका मानिस नदी तथा खोलाको धमिलो पानी खान बाध्य छन् । ती बस्तीका बासिन्दाका लागि खानेपानीको व्यवस्था हुन नसकेपछि खोलाकै धमिलो पानी प्रयोग गरिरहेका छन् । कर्णाली कोरिडोरको छेउको ताँजाकोट गाउँपालिका-५ को पैमाका बासिन्दा कल बहादुर थापाले बर्षौंदेखि खोलाको धमिलो पानी खानुपर्ने बाध्यता रहेको बताउनुभयो । पैमामा १२ घरधुरीका स्थानीयले होटेल तथा पसल गरिरहेका छन् । उहाँले सरोकारवाला निकायसँग पटक पटक खानेपानीको व्यवस्थाका लागि माग गर्दा सुनुवाइ हुन नसकेपछि धमिलै पानी खानु परेको उल्लेख गर्नुभयो । हिउँदेयाममा कम धमिलो भए पनि बर्खायाममा भने लेदो मिसिएको पानी कपडामा छानेर खानु परेको छ । नयाँ खानेपानीको व्यवस्था नहुँदासम्म कर्णाली नदी र खोलाकै पानी प्रयोग गर्नुको विकल्प नभएको उहाँको भनाइ छ । सर्केगाड गाउँपालिका-१ को बालुकुनाका स्थानीय पदम मल्लले आफू बालुकुनामा होटेल व्यवसाय गरेदेखि कर्णाली नदीको पानी प्रयोग गरिरहेको बताउनुभयो । यता चंखेली गाउँपालिका र सर्केगाड गाउँपालिकाको सिमाना सलीसल्लामा होटेल व्यवसाय गर्दै आउनुभएकी मैया बुढाले पाँच वर्षदेखि कर्णालीको पानी प्रयोग गर्दै आएको बताउनुभयो । यसअघि सलीसल्लामा डेढ सयले व्यवसाय गर्दै आएकामा हाल १० जनाले मात्रै गरिरहेका छन् ।

# रोकिएको पुल निर्माण सुरु

नमस्ते समचारदाता
हुम्ला, माघ/१५



कर्णाली कोरिडोर अन्तर्गत हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिका-५ को खार्पुको दोजाम कर्णाली नदीमाथि रोकिएको पक्की पुलको निर्माण सुरु भएको छ । पुलको फाउन्डेसन खनेर पिल्लर ढलान गर्ने क्रममा तातोपानी निस्कनु र नदीको पानी पसेपछि रोकिएको काममा त्यसको डिजाइनमा परिवर्तन गरिएपछि निर्माण सुरु भएको हो । करिब एक वर्ष काम रोकिएको कर्णाली कोरिडोरको खार्पुको पक्की पुलको निर्माण सुरु भएको हिल्सा-सिमकोट सडक आयोजनाका योजना प्रमुख बेलबहादुर नेपालीले बताउनुभयो । उहाँले पुलको दुवैतर्फका पिल्लर यसअघि एम २० र एम २५ अनुपात रहेकोमा हाल त्यसलाई परिमार्जन गरेर एम ३० को अनुपातमा परिवर्तन गरिएपछि काम सुरु भएको बताउनुभयो । अब यो अनुपातको सिमेन्ट, बालुवा, गिट्टी र केमिकल मिसाएमा पिल्लरमा पानीले असर गर्न नसक्ने गरी अनुपात मिलाएका कारण पिल्लर बलियो हुने उहाँले बताउनुभयो । २०८२ को साउन महिनामा सम्पन्न गर्ने गरी पुल निर्माणको जिम्मा पाएका निर्माण कम्पनीलाई म्याद थप सडक विभागले गरेको छ । यसका लागि आयोजनाले स्वच्छन्द पाउन्ट पुमोरी जेभी चितवनसँग २०७८ साउन १४ गते सम्झौता गरेको थियो । ५५ मिटर मिटर लम्बाइ रहेको सो पुल निर्माणका लागि ११ करोड ८३ लाख ९४ हजार रुपियाँमा आयोजनाले निर्माण कम्पनीसँग सम्झौता गरेको थियो ।

# भौतिक संरचनाको अभावमा चौरमै पठनपाठन

नमस्ते समचारदाता
जाजरकोट, माघ/१५



जाजरकोट भेरी नगरपालिका ७ मिथ्याङ्गामा भौतिक संरचनाको अभावमा विद्यार्थी खुला चौरमै पढ्न बाध्य भएका छन् । गत वर्ष कात्तिक १७ गते गएको भूकम्पको कारण विद्यालयका दुई कोठे दुई वटा भवन पुर्ण रुपमा क्षति हुँदा सुर्य ज्योति आधारभूत भेरी नगरपालिका ७ मिथ्याङ्गाको विद्यालयमा पठनपाठनमा विभिन्न समस्या झेल्दै आएको छ । पर्याप्त कक्षाकोठाको अभावका कारण विद्यार्थीहरू हिउँदमा विद्यालयमा रहेको फिल्डको धुलोमा बसेर पढ्न बाध्य भएका छन् । भूकम्प गएको एक वर्ष बिती सक्दा पनि कुनै पनि निकायमा पुनः निर्माणको पहल नगरिँदा अहिलेसम्म पक्की भवन निर्माण हुन सकेका छैनन् । विद्यालयका शिक्षक टोपबहादुर खड्काले क्षति भएका भवन निर्माण नहुँदा पठन पाठनको लागि झनै अप्ठ्यारो परिस्थितिको सिर्जना भएको बताउनु भयो। पर्याप्त कक्षाकोठा र भौतिक संरचना नहुँदा विद्यार्थीको सिकाई उपलब्धि र विद्यालयको शैक्षिक स्तर खस्कँदै गएको र अप्ठ्यारो परिस्थिति सिर्जना भएको शिक्षक खड्काको भनाई छ । विद्यालयमा बस्नका लागि पर्याप्त डेस्क बेन्च नभएको कारण पनि फिल्डको धुलोमा बसेर विद्यार्थी पढ्न बाध्यकारी अवस्था सिर्जना भएको अधिकारीले बताउनुभएको छ । शिक्षा विकास तथा समन्वय इकाई प्रमुख लक्ष्मी भण्डारी जाजरकोटका अधिकांश विद्यालय भवनहरू भूकम्पका कारण क्षति भएका र पुनर्निर्माणको काम नहुँदा समस्या परेको बताउनु हुन्छ । सरकारी तथा दाताहरू वाट यस वर्ष ५० वटा जति भवन निर्माणको कार्य थालनी हुने प्रमुख भण्डारीको भनाई छ ।

# प्रेस स्वतन्त्रता सेनानी 'पन्ना चाचा'को पाँचौ स्मृर्ती सभा सम्पन्न

नमस्ते समचारदाता
बाँके, माघ/१५

प्रेस स्वतन्त्रता सेनानी तथा पत्रकार महासंघ बाँकेका पूर्व अध्यक्ष समेत रहेका स्वर्गिय पन्नालाल गुप्ता 'चाचा'को पाँचौ स्मृती दिवस मनाइएको छ । पत्रकार महासंघ बाँकेको आयोजना तथा प्रेस स्वतन्त्रता सेनानी स्व. पन्नालाल गुप्ता चाचाजी स्मृति प्रतिष्ठानको संयोजनमा नेपालगञ्जमा सम्पन्न कार्यक्रममा स्वर्गिय गुप्ता कलमजिवी भएको र सदैब उनले कलमलाई हतियारको रुपमा प्रयोग गरेको स्मरण गरेका थिए । स्वर्गिय गुप्ता अहिले नरहे पनि उनको योदानलाई आगामी दिनमा पनि सम्झिदै जानुपर्ने र नयाँ पुस्तालाई उनको त्याग, समर्पण र लगनसिलता बारे सिकाउनु पर्ने कुरामा वक्ताहरुको भनाई रहेको थियो । पत्रकार महासघ बाँकेका अध्यक्ष नविन गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाई, सल्लाहकार रुद्र सुवेदी, बाँकेका पूर्व अध्यक्षहरु हेमन्त कर्मचार्य, झलक गैरे, प्रतिष्ठानका अध्यक्ष तथा नेपालगञ्जका पूर्व मेयर विजयकुमार गुप्ता, प्रेस चौतारी बाँकेका अध्यक्ष कमल डाँगी, प्रेस युनियनका उपाध्यक्ष कमल खत्री, समाजवादी प्रेस संगठनका लोकनाथ शर्मा लगायतले स्वर्गिय चाचाजीले देखाएको सादगी र पेशाप्रतिको लगावको बारेमा चर्चा गरेका थिए । नेपाल प्रेस युनियन बाँकेका संस्थापक अध्यक्ष समेत रहेका स्वर्गिय गुप्ताको २०७६ साल माघ १५ गते ९१ वर्षको उमेरमा निधन भएको थियो ।

गाउँपालिका द्धारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके